**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्रीले आकाशवाणीसंग मन की बात कार्यक्रममा भन्नु भयो इंडिया एआई इम्पैक्ट समिट भविष्यमा विश्व स्तरमा एआईको शक्तिको उपयोगको दिशामा महत्वपूर्ण पड़ाव प्रमाणित हुनेछ।
- राजाजी उत्सव आज राष्ट्रपति भवनमा मनाइँदैछ। स्वतंत्र भारतका प्रथम गवर्नर-जनरल सी. राजगोपालाचारीको प्रतिमा राष्ट्रपति भवनको केंद्रीय प्रांगणमा ब्रिटिश वास्तुकार एडविन लुटियंसको प्रतिमाको स्थानमा स्थापित गरिनेछ|
- भाजपा नेता र केंद्रीय मंत्री अन्नपूर्णा देवीले पश्चिम बंगालमा महिलाहरुको सुरक्षा सुनिश्चित गर्नका लागि भाजपा सरकार गठन गर्ने आह्वान गर्नु भएको छ।
- आईसीसी पुरुष टी–२० विश्वकप क्रिकेटको सुपर ८ मा भारत दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएको छ।
- **मौसम विभाग ले आगामी दुई दिन ओडिशा र अण्डमान र निकोबार टापुहरूमा आँधीबेहरी, बिजुली र तेज हावा चल्ने पूर्वानुमान गरेको छ।**

**<u>प्रधानमंत्री मोदी इंडिया एआई इम्पैक्ट</u>**

प्रधानमंत्री मोदीले भन्नु भयो कि इंडिया एआई इम्पैक्ट समिट भविष्यमा विश्व स्तरमा एआईको शक्तिको उपयोगको दिशामा महत्वपूर्ण पड़ाव प्रमाणित भएको छ। आकाशवाणीसंग मन की बात कार्यक्रममा प्रधानमंत्रीले बताउनु भयो कि समिटको लागि नयाँ दिल्लीमा कयौ देशहरुका नेता, उद्योगपति, नवप्रवर्तक र स्टार्टअप क्षेत्रसंग जुड़ेका मानिस एकत्र हुनेछन।

Byte

प्रधानमंत्रीले समिटको सफलताको लागि देशवासिहरुलाई बधाई दिनु भयो। श्री मोदीले भन्नु भयो कि वर्तमान टी-20 क्रिकेट विश्व कपमा कनाडा, अमरीका, ओमान, न्यूजीलैंड, संयुक्त अरब अमीरात र इटलीका टीममा कयौ भारतीय मूलका खेलाड़ी छन्।

Byte

प्रधानमंत्रीले बताउनु भयो कि 'मन की बात' मा डिजिटल अरेस्ट र डिजिटल धोखाधड़ीमाथि उहाँको भाषण पछि समाजमा यस दिशामा धैरै जागरूकता आएको छ।

Byte

प्रधानमंत्रीले भन्नु भयो कि भारतमा किसानले अब न केवल उत्पादन तर गुणवत्ता, मूल्यवर्धन र नयाँ बाजारहरुमा पनि ध्यान केंद्रित गरिरहेको छ। श्री मोदीले बताउनु भयो कि राष्ट्रपति भवनमा राजगोपालाचारी उत्सव मनाइने छ। श्री मोदीले देशवासिहरुलाई रमज़ान र आगामी होली त्यौहारको शुभकामना दिनु भयो।उहाँले 'वोकल फॉर लोकल' को मंत्रलाई पनि दोहराउनु भयो।

एआई इम्प्याक्ट समिट २०२६ मा पारित गरिएको नयाँ दिल्ली घोषणापत्रलाई ८९ देश र अन्तर्राष्ट्रिय संगठनहरूबाट समर्थन प्राप्त भएको छ। यसले आर्थिक वृद्धि र सामाजिक कल्याणको लागि एआईको प्रयोगमा व्यापक विश्वव्यापी सहमतिलाई प्रतिबिम्बित गर्दछ। अस्ट्रेलिया, फ्रान्स, जर्मनी, स्वीट्जरल्याण्ड, ब्राजिल, संयुक्त अरब इमिरेट्स, क्यानडा, इजरायल, ब्रिटेन , चीन, जापान, अमेरिका, रुस, साउदी अरेबिया, सिंगापुर र बंगलादेशले उक्त घोषणापत्र अनुमोदन गरेका हुन्।

इंडिया एआई इम्पैक्ट समिट र एक्सपोलाई उत्कृष्ट प्रतिक्रिया प्राप्त भएको छ। यो आयोजन नीति निर्माताहरु , उद्योग जगतका प्रमुखहरु नवप्रवर्तकहरु र स्टार्टअप्सको लागि एक साझा मंच प्रमाणित भएको छ। जहां आर्टिफिशियल इंटेलिजेंस आधारित समाधानहरुमा व्यापक संवाद र प्रस्तुति भएको छ।

**राजाजी उत्सव**

राजाजी उत्सव आज राष्ट्रपति भवनमा मनाइँदैछ। आफ्नो 'मन की बात' कार्यक्रममा प्रधानमंत्री नरेंद्र मोदीले भन्नु भयो कि स्वतंत्र भारतका प्रथम गवर्नर-जनरल सी. राजगोपालाचारीको प्रतिमा राष्ट्रपति भवनको केंद्रीय प्रांगणमा ब्रिटिश वास्तुकार एडविन लुटियंसको प्रतिमाको स्थानमा स्थापित गरिनेछ |श्री मोदीले सी. राजगोपालाचारीलाई ती नेताहरुमध्ये एक बताउनु भयो जसले सत्तालाई पद होइन तर सेवाको रूप ठानेका थिए |

उहाँले भन्नु भयो , 'यो दुर्भाग्यपूर्ण छ कि स्वतन्त्रतापछि पनि ब्रिटिश प्रशासकहरूको प्रतिमालाई राष्ट्रपति भवनमा रहन दिइएको छ , जबकि भारतका महान सपूतहरूलाई स्थान दिइएको छैन। राजाजी उत्सवको अवधि भोलिदेखि मार्च १ सम्म सी राजगोपालाचारीमाथि एक प्रदर्शनी पनि आयोजना गरिनेछ।

Byte

**प्रधानमंत्री मोदी - नेतन्याहू**

प्रधानमंत्री नरेंद्र मोदीले भन्नु भएको छ कि भारत, इजरायलको साथ आफ्नो अटूट संबंधलाई धेरै महत्व दिदछ। उहाँले भन्नु भयो कि यो संबध विश्वास, नवाचार र शांति तथा प्रगतिको लागि साझा प्रतिबद्धतामा आधारित छ। इजरायलका प्रधानमंत्री बेंजामिन नेतन्याहूको सोशल मीडिया पोस्टको जवाफमा , श्री मोदीले भन्नु भयो कि उहाँ भारत र इजरायल बीचको संबंधहरुको विविधतासित सहमत छन्। प्रधानमंत्रीले भन्नु भयो कि उहाँ इजरायलको आफ्नो आगामी भ्रमणको अवधि दुवै पक्षहरुको बीच विचार-विमर्शको लागि उत्सुक छन्।यसभन्दा अघि , एक सोशल मीडिया पोस्टमा इजरायलका प्रधानमंत्रीले भन्नु भयो कि दुवै देशहरुको बीच सबंध दुई वैश्विक नेताहरुको एक शक्तिशाली गठबंधन हो। उहाँले भन्नु भयो कि दुवै देश नवाचार, सुरक्षा र साझा रणनीतिक दृष्टिकोणमा भागीदार छन्। श्री नेतन्याहूले भन्नु भयो कि एआई देखि लिएर क्षेत्रीय सहयोगसम्म दुवै देशहरु बीच साझेदारी निरन्तर बनी रहेको छ।

**अन्नपूर्णा देवी - पश्चिम बंगाल**

भाजपा नेता र केंद्रीय मंत्री अन्नपूर्णा देवीले पश्चिम बंगालमा महिलाहरुको सुरक्षा सुनिश्चित गर्नका लागि भाजपा सरकार गठन गर्ने आह्वान गर्नु भएको छ। कोलकातामा एक महिला सम्मेलनलाई संबोधित गर्नु हुदै उहाँले चिंता व्यक्त गर्नु भयो कि एक महिला मुख्यमन्त्री भएता पनि राज्यमा महिला सुरक्षासँग सम्बन्धित स्थिति राष्ट्रिय बहसको विषय बनेको छ, जुन सन्देशखली र आरजी करको घटनाले उजागर गरेको छ। केन्द्रीय मन्त्रीले आरोप लगाउनु भयो कि राज्यमा अत्याचारको शिकार भएका महिलाहरूले प्राय: न्याय पाउँदैनन्। उहाँले राज्य सरकारले द्रुत विशेष अदालत र महिला हेल्पलाइन जस्ता केन्द्रका पहलहरू कार्यान्वयन गर्न असफल भएको दाबी गर्नु भयो।

**फडणवीस - विमान दुर्घटना**

महाराष्ट्र सरकारले केंद्रीय गृह मंत्री अमित शाहलाई पछिल्लो दिनहरुमा भएको विमान दुर्घटनाको जांच सीबीआईसंग गर्न आग्रह गरेको छ। यसमा राज्यका पूर्व उपमुख्यमंत्री अजित पवारको मृत्यु भएको थियो। हिजो मुम्बईमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै श्री फडणवीसले भन्नुभयो, महागठबन्धन सरकारले विमान दुर्घटनासँग सम्बन्धित सबै शङ्काहरू हटाउन सक्दो प्रयास गर्नेछ। श्री फडणवीसले भन्नुभयो, उनलाई राज्यमा सत्तारुढ गठबन्धनको सहयोगी राष्ट्रवादी काङ्ग्रेसबाट एउटा पत्र प्राप्त भएको छ, जसमा विमान दुर्घटनाको सीबीआई जाँचको माग गरिएको छ। मुख्यमन्त्रीले भन्नु भयो कि सीबीआईले डीजीसीए र राज्य सीआईडीको पनि जाँच गर्नेछ। अजित पवार र अन्य चार जनाको जनवरी २८ मा पुणे जिल्लाको बारामती नजिकै अवतरण गर्ने क्रममा एक चार्टर्ड विमान दुर्घटना हुँदा मृत्यु भएको थियो। श्री फडणवीसले भन्नु भयो कि डीजीसीएले वीएसआर कम्पनीको ऑडिट गरिरहेको छ र यसका सबै लगबुकहरूको जाँच भइरहेको छ। उपमुख्यमन्त्री अजित पवारकी श्रीमती

सुनेत्रा पवारले विमान दुर्घटनाको सीबीआई जाँचका लागि अनुरोध गरेको बताइन् । श्रीमती पवारले भनिन् कि मुख्यमन्त्रीले दुर्घटनाको विस्तृत अनुसन्धान गर्ने आश्वासन दिनुभएको छ।

**अनिवार्य घोषणा - सार्वजनिक भाषण**

आकाशवाणी समाचार सेवा विभागले आज राति ९:३० बजे फोन-इन कार्यक्रम "सार्वजनिक भाषण" मा "एआई युगमा गहिरो नक्कलीबाट सुरक्षा" विषयक छलफल प्रसारण गर्नेछ। साइबर कानून विज्ञ डा. पवन दुग्गल र साइबर सुरक्षा विज्ञ डा. अनुप गिरधर सहभागी हुनेछन्।

कार्यक्रमको क्रममा, श्रोताहरूले ०११-२३३१०४८१, ०११-२३७१७१११७, ०११-२३७१७१०६, र ०११-२३३१४४४४४ मा टेलिफोन नम्बरहरूमा फोन गरेर विज्ञहरूलाई प्रश्नहरू सोध्न सक्नेछन् । प्रश्नहरू व्हाट्सएप मार्फत ९२८-९०९४०४४ मा पनि पठाउन सकिन्छ। श्रोताहरूले #AskAIR ह्यासट्याग पनि प्रयोग गर्न सक्नेछन् साथै सामाजिक सञ्जाल प्लेटफर्म X मा पनि प्रश्नहरू पोस्ट गर्न सक्नेछन् ।

**जम्मू-कश्मीर आतंकवादी**

जम्मू-कश्मीरको किश्तवाड जिल्लामा हिज संयुक्त सुरक्षा अभियानमा तीन आतङ्कीहरू मारिएको छ । हाम्रा संवाददाता अनुसार 'त्राशी-१' नामको अभियान त्यस क्षेत्रमा तीन पाकिस्तानी आतङ्ककारीहरूको उपस्थितिमा विशेष खुफिया जानकारीको आधारमा सुरु गरिएको थियो।

पहाडको फेदमा रहेको एक कच्चा घरमा लुकेर बसेका आतङ्ककारीहरुले सुरक्षा फौजलाई आउँदै गरेको देखेपछि गोली चलाउन थालेपछि छतरु क्षेत्रको पसारकूट क्षेत्रमा भीषण मुठभेड सुरु भएको बताइएको छ । त्यसपछि ११ राष्ट्रिय राइफल्स, जम्मू–कश्मीर पुलिस र सीआरपीएफको संयुक्त टोलीले खोजी अभियान सुरु गरेको थियो । दुर्गम क्षेत्रमा सुरक्षा बलले आतङ्ककारीहरूलाई घेरा हालेका थिए र तीन आतङ्ककारीहरूलाई मारेका थिए जब उनीहरू बिहान ११ बजे फेरि सम्पर्कमा पुगेका थिए।

आतंककारीहरूको पहिचान र संगठन पत्ता लगाउने काम भइरहेको छ। सुरक्षा बलले मुठभेडस्थलबाट दुईवटा एके–४७ राइफल र अन्य गोला बारुद पनि बरामद गरेको छ । उक्त क्षेत्रलाई घेरा हालेर खोजी कार्य जारी राखिएको छ ।

**टी20 विश्व कप क्रिकेट**

आईसीसी पुरुष टी–२० विश्वकप क्रिकेटको सुपर ८ मा भारत दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएको छ । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १८७ रन बनाएको थियो भने डेभिड मिलरले ६५ बलमा ६३ रन बनाए भने ट्रिस्टन स्टब्सले २४ बलमा ४४ रन बनाए । जवाफमा भारतीय टीम 18 ओवर र 5 बल हरुमा 111 रन पर ऑल आउट भए जसमा शिवम दुबेको सर्वाधिक 42 रन शामेल छन् । दक्षिण अफ्रीकाका डेविड मिलरलाई मैन ऑफ द मैच घोषित गरियो ।आज साँझ 7 बजे मुंबईको वानखेड़े स्टेडियममा सुपर 8 ग्रुप एकको मैचमा जिम्बाब्वेको सामना वेस्टइंडीजसंग हुनेछ ।